# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७८/०७९ | प्रदेश नं. १, नेपाल

**एकल पुरुष वा महिलालाई राहत सहायताको लागि विवरण संकलन सम्बन्धी सूचना**

(प्रकाशित मितिः २०७८/११/१०)

प्रस्तुत विषयको सम्बन्धमा चिशंखुगढी गाउँ कार्यपालिकाको मिति २०७८/१०/२० गतेको बैठकबाट स्वीकृत भएको "एकल पुरुष वा महिलालाई राहत सहायता वितरण सम्बन्धी कार्यविधि, २०७८" बमोजिम यस गाउँपालिका भित्र बसोबास गरिरहेका एकल पुरुष तथा एकल महिलाहरुका लागि तपसिल बमोजिमका कागजातहरु सहित आजको मितिले १५ (पन्ध्र) दिन (मिति २०७८/११/२४) भित्र निवेदन दिनको लागि यो सूचना प्रकाशन गरिएको छ । हद म्याद नाघि आएका निवेदन उपर कुनै पनि कारबाही नगरिने व्यहोरा अनुरोध छ ।

तपसिलः

कार्यक्रमको लक्षित वर्ग

१. नेपाली नागरिक,

२. यस गाउँपालिका भित्र बसोबास गर्ने एकल महिला *( ५० वर्ष पुरा गरी ६० नपुगेको )* वा एकल पुरुष *( ५० वर्ष पुरा गरी ७० नपुगेको तथा दलित वर्गको हकमा ५० वर्ष पुरा गरी ६० वर्ष नपुगेको )* ।

*(*सामाजिक सुरक्षा भत्ता वा अन्य कुनै भत्ताको सूचीमा नाम आउने नागरिकको निवेदनलाई अमान्य घोषित गरिनेछ ।)*

आवश्यक कागजातहरु

१. हकवालाको लिखित निवेदन,

२. नागरिकताको प्रतिलिपि,

३. एकल नागरिक भएको व्यहोरा खुल्ने सम्बन्धित वडा कार्यालयको सिफारिस,

४. आवश्यक परेमा सम्बन्धित वडाबाट ५ जना निजलाई चिन्ने जान्ने मानिसहरु बसि गरेको सर्जमिन वा सिफारिस,

५. विदुरको हकमा मृत्त श्रीमतीको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ,

६. लक्षित वर्ग नागरिकको बसोबास गरेको वडा कार्यालयको सो अवस्था खुल्ने सिफारिस ।

७. कुमारी बैकको व्यक्तिगत बैक खाता विवरण ।

२०७८/११/१०

**सिंहराज डाँगी**
**प्रमुख प्रशासकीय अधिकृत**

*पुनश्चः सम्बन्धित सबै (१-८) वडा कार्यालयहरु, शिक्षक, अभिभावक, राजनीतिक दलहरु लक्षित वर्गको निवेदन संकलनमा आवश्यक सहयोग, सहजीकरण र समन्वय गरिदिनु हुन अनुरोध छ ।*